

Tunnel Inlet Portal

# दोर्दी-१ जलविद्युत खबर

जेष्ठ २०७५, अंक १८

## आयोजनाको हालको निर्माण अवस्था

दोर्दी खोला जलविद्युत कम्पनी लिमिटेडले जेष्ठ ८, २०७५ मा मेगा हाइड्रो एण्ड इन्जिनियरिङ्ग प्रा.लि सँग आयोजनाको हाइड्रोमेकानिकल निर्माण कार्यको लागि सम्झौता गरेको छ । सुरुङ्ग निर्माणको लागि चैत्र १८, २०७४ मा पहिलो Blasting कार्य सुरु गरिएको थियो । यस आयोजनाको कुल ३२०० मिटर लामो जलमार्ग मध्ये २५५० मिटर सुरु रहेको छ । उक्त सुरुङ्गको Inlet तर्फ Portal निर्माण कार्य सम्पन्न गरी विस्फोटन कार्य सुरु गरिएको हो भने Outlet तर्फ भने Portal निर्माण कार्य भइरहेको छ ।



Desander Excavation

जेष्ठ महिनाको अन्तिम सम्म १०५ मिटर सुरुङ्ग खनिसकिने छ । यसै आर्थिक वर्ष भित्र आयोजनाले Outlet side बाट पनि Blasting सुरु गर्ने लक्ष्य राखेको छ । हाल दैनिक १ देखि २ विस्फोटन भइरहेको छ र प्रतिदिन सरदर १-२ मिटरले सुरुङ्ग निर्माण भइरहेको छ ।Drilling and Blasting प्रक्रियाबाट निर्माण हुने उक्त सुरुङ्गको Inlet र Outlet दुवै तर्फबाट विस्फोटन सुरु भएपछि दैनिक ३ देखि ४ विस्फोटन हुने छन् भने प्रतिदिन ५-६ मिटरसम्म सुरुङ्ग खन्ने लक्ष्य रहेको छ ।



Tunnel Outlet Portal



Tunnel Outlet Portal Setup



**मेगा हाइड्रो एण्ड इन्जिनियरिङ्ग सगँ निर्माण सम्झौता सम्पन्न**

हेडवर्क्स क्षेत्रमा रहेको Desander को Excavation कार्य सुरु भइसकेको छ । Headworks को सुरक्षाका लागि ग्याबियन पर्खाल निर्माण गर्ने कार्य सरु भईसकेको छ । साथै इलेक्ट्रोमेकानिकल कार्यका लागि आर्थिक प्रस्ताव आव्हान गरिएकोमा प्राप्त प्रस्तावहरुको हाल आर्थिक तथा प्राविधिक मूल्याङकन भइरहेको छ । दोर्दी -१ जलविद्युत आयोजनाबाट उत्पादित विद्युत राष्ट्रिय प्रसारण लाइन जोड्नका लागि दोर्दी कोरिडोर प्रसारण लाइन र किर्तिपुरमा नेपाल विद्युत प्राधिकरणद्वारा बनाउनुपर्ने सवस्टेसनको ठेक्का प्रक्रिया सकेर विस्तृत सर्भेको कार्य समेत भइसकेको छ ।

सवस्टेसन निर्माण गर्नका निम्ति निकट भविष्यमा निर्माण कम्पनीलाई site हस्तान्तरण गर्ने नेपाल विद्युत प्राधिकरणको अधिकारीहरुको भनाई छ । यस आयोजनाले स्थानिय प्रशासन र स्थानिय बासिन्दाहरुबाट आयोजना निर्माण प्रक्रियामा निरन्तर साथ र सहयोग प्राप्त गरिरहेको छ । यस्तै यस आयोजनाबाट दोर्दी गाउँपालिकाका स्थानिय बासिन्दाहरुलाई मोटर बाटो, खानेपानीको व्यवस्था सुलभ भएको छ ।


**सम्पादक: पार्वती पराजुली**

**दोर्दी खोला जल विद्युत कम्पनी लिमिटेड**

**त्रिपुरेश्वर ,काठमाडौं**

**फोन न:९७७-१-४२३२७४८, ४२३२७४९,**

**ईमेल :info @dordikhola.com.np**

**वेबसाइट: www.dordikhola.com.np**